# नेपाल सरकार
## चलचित्र विकास बोर्ड
### चाबहिल, काठमाडौं

## जेनेरेटर खरिद सम्बन्धी
## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०६६।१०।१२**

यस चलचित्र विकास बोर्डको कार्यालयमा जेनेरेटर सप्लाई गरी जडान गर्ने कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले सो सम्बन्धी कारोबार गर्न नेपाल सरकारबाट इजाजत प्राप्त कम्पनी वा सप्लायर्सहरूबाट निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

<u>शर्तहरू :</u>

१. आ.व. २०६६।०६७ का लागि नवीकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर र प्यानमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०६५।०६६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदनमा रू.५।- को टिकट टाँसी रू. ३००।- (पछि फिर्ता नहुनेगरी) बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयसम्म दरभाउपत्र फारम चलचित्र विकास बोर्डको कार्यालय, चाबहिलबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र रितपूर्वक भरिएको दरभाउपत्र फारम खाममा शिलबन्दी गरी चलचित्र विकास बोर्डको कार्यालयमा दर्ता गराउन सकिनेछ । रितपुर्वक पर्न आएको शिलबन्दी दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र सम्बन्धी कागजात खरिद तथा दाखिला गर्ने अन्तिम दिन विदा परे विदापछि कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरू गरिनेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत आफूले कवोल गरेको अंकको २.५ (अढाई) प्रतिशतले हुने रकम यस बोर्डको थापाथलीस्थित ने.रा. बैंकको धरौटी खाता नं. बैं.अ. ६१०३११/०६६ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस बोर्डको नाममा जारी गरेको र दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्रमा अंक र अक्षर प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा कुनै कारण नजनाइकन अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहने छ ।

७ सिलबन्दी दरभाउपत्र सम्बन्धी प्रत्येक पानामा बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ ।

८. रित नपुगी र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।

९. अन्य आवश्यक कुराहरू बोर्डको कार्यालयबाट जानकारी प्राप्त गर्न सकिने छ ।

१०. सिलबन्दी दरभाउपत्र मान्य हुने अवधि ४५ दिनसम्म हुनेछ ।

११. दरभाउपत्र सम्बन्धी मूल्यांकनका आधारहरू दरभाउपत्र पुस्तिकामा उल्लेख भए अनुसार हुनेछ ।

१२. यो सूचना चलचित्र विकास बोर्डको वेवसाईट www.film.gov.np मा हेर्न सकिनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

| सि. नं. | कामको विवरण | अनुमानित लागत रकम रू. (कन्टेन्जेन्सी र भ्याट बाहेक) | धरौटी रकम ल.ई. को २.५ प्रतिशत | दरभाउपत्र फरमको मूल्य रू. |
|---|---|---|---|---|
| १. | **Generator** सप्लाई गरी जडान गर्ने | रू. ८,१०,०००।- | रू. २१,५००।- | रू. ३००।- |